नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुरको

सिलबन्दी दरभाउपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।१२।१३)

यस प्राधिकरणको लागि सफ्टवेयर सुरक्षा फायरवाल सिलबन्दी दरभाउपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**तपशील**

| सि.नं. | सिलबन्दी बोलपत्र नं. | विवरण | न्यूनतम जमानत रकम |
|---|---|---|---|
| १ | एनआईए। एसक्यू ०१।२०८०।०८१ | सफ्टवेयर सुरक्षा फायरवाल | रु.४०,०००/- |

**शर्तहरु:**

(१) उल्लिखित सफ्टवेयर सुरक्षा फायरवालको विवरण प्राधिकरणबाट दरभाउपत्र साथ प्राप्त हुनेछ।

(२) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले मिति २०८० चैत्र २९ गते भित्र निवेदन बापत दस्तुर रु.१,०००।- (फिर्ता नहुने गरी) यस प्राधिकरणको नाममा रहेको नवील बैक लि. ललितपुर शाखाको खाता नं. ०११००१३०११००१ मा जम्मा गरेको भौचर पेश गरी प्राधिकरणको कार्यालय कुपण्डोल, ललितपुरबाट कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र फाराम साथ संस्था वा कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता (भ्याट) प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र र आ.ब. २०७९|०८० को कर चुक्ता प्रमाणपत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(३) सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम (Seal Quotation) स्पष्टसँग पूर्ण रुपले भरी, आफ्नो संस्थाको नाम र ठेगाना स्पष्ट खुलाई, छाप लगाई खाममा सिलबन्दी लाहाछाप गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८० चैत्र ३० गते अपरान्ह १२ बजे भित्र प्राधिकरणको ललितपुर-१०, कुपण्डोल स्थित कार्यालयमा दर्ता गराउनु पर्नेछ। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनको मध्यान्ह १२ बजे भित्र दरभाउपत्र दर्ता गराउनु पर्नेछ।

(४) दरभाउपत्र फाराम साथ तोकिए बमोजिमको रकम धरौटी स्वरुप ग्लोबल आइएमई बैंक, कुपण्डोल शाखामा यस प्राधिकरणको नाममा रहेको खाता नं. २८०१०१००००७१९ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ।

(५) दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्म, संस्था वा कम्पनीले आफूले सम्पन्न गर्नुपर्ने सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरु सम्बन्धमा राम्रोसँग बुझी स्वीकार गरी दरभाउपत्र फारम दर्ता गराएको मानिनेछ ।

(६) एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नामबाट दर्ता गराउन पाईने छैन ।

(७) एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाइने छैन ।

(८) दरभाउपत्रको मान्य अवधि ७५ दिनको हुनेछ ।

(९) प्राधिकरणमा रितपूर्वक दर्ता भएका दरभाउपत्रहरु मिति २०८० चैत्र ३० गते अपरान्ह २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा प्राधिकरणको ललितपुर–१०, कुपण्डोल स्थित कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खोलिने दिनमा बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा खोलिनेछ ।

(१०) दरभाउपत्रदाताको तर्फबाट कुनै शर्त राख्न पाइने छैन । तोकिएको समय भित्र प्राप्त नभएको, यस सूचनाको शर्त बिपरित भएको वा रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही हुने छैन ।

(११) प्राधिकरणबाट दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले सात दिन भित्र स्वीकृत दरभाउपत्र दाताले कार्य सम्पादन जमानत बापत ग्लोबल आइएमई बैंक, कुपण्डोल शाखामा यस प्राधिकरणको नाममा रहेको धरौटी खाता नं. २८०१०१००००७१९ मा जम्मा गरेको सक्कल बैंक भौचर वा प्राधिकरणबाट जानकारी प्राप्त भएको मितिबाट कम्तिमा ७५ दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ ।

(१२) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस प्राधिकरणमा निहित रहने छ ।

(१३)यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस प्राधिकरणको कार्यालय ललितपुर –१० कुपण्डोलमा आई बुझ्न सकिनेछ ।

(१४) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल बीमा प्राधिकरण खरिद विनियमावली, २०७९ बमोजिम हुनेछ ।

कुपण्डोल, ललितपुर–१०
फोन नं. ५४२१०७९, फ्याक्स नं. ५५२०११९,
टोल फ्रि:१६६००१५६७८९